# इस्लामको मूल आस्था

[ नेपाली - Nepali - نيبالي ]


मोहम्मद बिन जमील जैनु

अनुवादक: मोहम्मद इदरीस सलफी

संशोधक: अतीकुर्रहमान मोहम्मद इदरीस खान



2013 - 1434

IslamHouse.com

# العقيدة الإسلامية

« باللغة النيبالية »

محمد بن جميل زينو

ترجمة: محمد إدريس سلفي

مراجعة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

# इस्लामको मूल आस्था

# ISLAM KO MOOL ASTHA

लेखक

**धर्माचार्य शैख मोहम्मद बिन जमील जैनु**

**मक्कः मुकर्रमः (सऊदी अरब)**

नेपाली अनुवादक

**मोहम्मद इदरीस सलफी**

**अध्यक्ष**
इस्लामिक गाइडेन्स सेन्टर (कपिलवस्तु)

प्रकाशक

**इस्लामिक गाइडेन्स सेन्टर**

**कपिलवस्तु (नेपाल)**

अनुवाद सम्मपन्न भएको मिती : २०५५\११\२०

पहिलो प्रकाशन साल –          २०६६\०२\२२

प्रकाशित प्रति –     १०००

सर्वाधिकार अनुवादकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना –:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका वा.नं.९ महुवा
तैलिहवा, कपिलवस्तु (नेपाल)
सम्पर्क मोबाइल नं. ९८४७०३०७८०\ 9847030780
९७२७६४९२३८

# बिषय सूची


| क.सं. | शीर्षक | पृष्ट |
| --- | --- | --- |
| १ — | मनुष्य माथि अल्लाहको हक | १२ |
| २ — | तौहीदको किसिम र फाइदाहरु | १४ |
| ३ — | कर्म स्वीकार हुने शर्तहरु | १७ |
| ४ — | सबै भन्दा ठूलो शिर्क | १८ |
| ५ — | ठूलो शिर्कको किसिमहरु | २० |
| ६ — | सानो शिर्क (शिर्के असगर) | २६ |
| ७ — | माध्यम बनाएर मुक्ति माग्नु | २८ |
| ८ — | मुहब्बत, मित्रता, फैसला गर्ने | ३२ |
| ९ — | कुर्आन व हदीस माथि अनुकरण गर्नु | ३४ |
| १० — | सुन्नत र बिदअत | ३७ |

# लेखक को विचार

बिस्मिल्लाहिर्रहमानिर्रहीम

अल्हम्दो लिल्लाहे नह्मदोहू व नस्तईनोहू व नस्तगफिरहू व नऊजो बिल्लाहे मिन शोरुरेअनफोसेना व मिन सइयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिलहो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो वह्दहू ला शरीका लहू व अश्हदो अन्ना मोहम्मदन अब्दहू व रसूलहू ।(अम्मा बअद)

इस्लामी आस्था संग सम्बन्धित यी निम्न महत्वपूर्ण प्रश्नहरुछन् । जसको उत्तर कुर्आन व हदीसहरुको आधार प्रमाण द्वारा प्रस्तुत गर्दछु । जसले गर्दा पाठकर्वगहरु वास्तविक उत्तरको बारेमा निश्चय नै सन्तुष्ट हुने छन् ।

वास्तवमा अल्लाहको एकत्वमा विश्वास नै संसारिक एवं परलौकिक मानव कल्याण र उसको सतकर्महरुको जग हो ।

अल्लाह संग प्रार्थना के छ भने यसको माध्यमबाट प्रत्येक मुसलमानहरुलाई लाभ प्राप्त होस्, र अल्लाहले यस कार्यलाई आफ्नो लागि मात्र स्वीकार गरोस् (आमीन)

**लेखक**
**मोहम्मद बिन जमील जैनु**
**(सऊदी अरब)**

# मन्तब्य

बिस्मिल्लाहिर्रहमानिर्रहीम

सेवा वास्तवमा धर्म हो । अनुवादक **मोहम्मद इदरीस सलफी ज्यु**ले खासगरी पहाडी मुसलमानको निम्ति नेपाली भाषामा इस्लामको बारेमा लेखि सो समूदायको निम्ति नितान्त ठूलो सेवा प्रदान गर्नु भएको मैले महसूस गरेको छु ।सेवा त धेरै हुन्छन तथापि सबै सेवालाई अगुवाई गर्ने धार्मिक सेवा सबै भन्दा उत्कृष्ट सेवाको रूपमा लिनु पर्छ । धर्मको ज्ञानले मानिस बिनम्रतापूर्वक झुक्दछ, शायद यो झुकाई विवेकको नजिक पुग्दछ । जीवनको सवल बाटो धर्मप्रति र यस्तो उन्नत ज्ञान फैलाउनको निम्ति अनुवादकले गर्नु भएको प्रयास ज्यादै नै सराहनीय हुँदा उहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा इस्लामको मूल आस्था नामक पुस्तकले बौद्धिक,धार्मिक रूपमा पुऱ्याएको योगदान अत्यन्तै सराहनीय रहेको तथ्य पुनः दोहोऱ्याउन चाहन्छु ।

**मोहम्मद जुनैद**
**जिल्ला नयायधीस**
**दांङ्ग जिल्ला अदालत, घोराही**
**नेपाल**

# मन्तब्य

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस पुस्तक इस्लामको मूल आस्थाका अनुवादक **श्री मोहम्मद इदरीस सलफी** का अरु प्रकाशनहरु इस्लामको उपदेश, इस्लामको परिचय, नमाजे मसनून, समेत हेर्ने अवसर मैले प्राप्त गरें । यो सबै प्रकाशनहरु बाट नेपाली मुसलमान मात्र होइन अरु धर्मावलम्बी नेपाली दाजु भाइहरुले समेत इस्लाम तथा इस्लामको मूल आस्था बारे जानकारी हासिल गर्न सक्नु हुने छ भन्ने मैले आशा राखेको छु । तर खास गरी ती मुसलमान साथीहरु जो उर्दु र अरबी पढन सक्दैनन् तिनीहरुका लागि यी पुस्तकहरु अति नै उपयोगी साबित हुने छन भनी आशा लिएको छु ।

अनुवादकको यस पुस्तकले इस्लामी शिक्षाको अभाव रहेको हाम्रो देश नेपालका मुसलमानहरुमा एकेश्वरवादको दृढ विश्वास दिलाउन र उनीहरुको जीवन इस्लामी आस्था र सिद्धान्तको आधारमा ब्यतित गर्न सिकाउने पवित्र उद्देश्य लिई यस पुस्तकको लेखाईको काम भएकोछ, भनि अनुवादकको भूमिकामा समेत लेखिएको र यो पुस्तक पढदा यो कुरा समेत छार्लङ्गिएको मैले पाएँ र यसबाट नेपाली मुसलमानहरुलाई इस्लामको मूल आस्था बुझ्न निकै सजिलो हुने छ भन्ने समेत मलाई लागेको छ ।

यस प्रकारका प्रकाशन तथा अनुवादहरु दिई उर्दु तथा अरबी पढन न जान्ने मुसलमान तथा इस्लाम प्रति चाँसो राख्ने धर्मावलम्बीहरु लाई इस्लामको बारेमा सारगर्भिक कुराहरुको जानकारी गराउन अघि सर्नु भएकोमा अनुवादक **श्री मोहम्मद इदरीस सलफी ज्यु** धन्यवादको पात्र हुनुहुन्छ ।

अन्तमा उहाँका यी प्रयासहरु निकै नै सराहनीय भएको र भविष्यमा पनि यस्ता अरु प्रयासहरु र यसबाट हामी मुक्तिको बाटो फैलाउन सफल हुन सकौ भन्ने आशाका साथ आफ्नो मनतब्य लाई बिराम दिन्छु । (खुदा हाफिज)

**नूर मोहम्मद खाँ**
**कार्यालय प्रमुख**
**जिल्ला सिचाई कार्यालय कपिलवस्तु तौलिहवा (नेपाल)**

# मन्तब्य

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस सानो पुस्तकको माध्यमबाट अनुवादकले इस्लाम धर्मीहरुको अनेकौं जिज्ञासाको समाधान प्रश्नावलीको रूपमा गरी सराहनीय काम गर्नु भएको छ । उर्दु अरबी भाषाको ज्ञान न भएकाहरुका लागि इस्लामको बारेमा थाहा पाउनका लागि यो पुस्तक अत्यन्त उपयोगी छ। इस्लामी तौर तरिका र कुर्आन तथा हदीसको निर्देशन अनुसार जीवन यापन गर्ने प्रत्येक ब्यक्तिले यस्ता कुराको जानकारी राख्न आवश्यक छ। जुन कुरा अनुवादकले आफ्नो कठिन परिश्रम र मिहनेतले हाम्रो सामु प्रस्तुत गरी गौरवशाली काम गर्नु भएको छ। साथै भविष्यमा अन्य यस्तै प्रकाशनहरु प्रकाशित गरी दीन र कौमको सेवा गर्नु हुने छ भनी आशा लिएका छौं ।

**खलीलुल्लाह खान**
**शाखा अधिकृत कृषि विकास बैंक**
**एवं**
**कोषाध्यक्ष**
**इस्लामिक गाइडेन्स सेन्टर**
**कपिलवस्तु (नेपाल)**

# अनुवादकको तर्फबाट

बिस्मिल्लाहिर्रहमानिर्रहीम

म यस सृष्टीको स्रष्टा एवं पालनकर्ता अल्लाहको सर्व प्रथम कोटि–कोटि आभारी छु । त्यस पछि उसको अन्तिम (आखिरी) सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि लाखौं दरुद व सलाम अवतरित होस जसले हामीलाई सत्य मार्गमा लगाउनु भयो ।

विश्वास नै धर्मको मूल जग हो । यो जग मुसलमानको मुटुमा जति गहिरो र दृढ हुनेछ, उसको इस्लामी जीवन पनि उती नै दृढ र बलियो हुने छ । अल्लाह माथि ईमान उसको एकत्व, महान्ताको समर्थन र शासकतता र सृष्टीको रचना गर्न सकने शक्तिको अनुभव जुन प्रकारले मुसलमानको हृदय र मनमा कायम रहने छ भने आफ्नो इस्लामी जीवनको प्रत्येक दिशामा उती नै दृढ रहनेछ । मुसलमानको लागि सबै भन्दा ठूलो अश्रय अल्लाह माथि ईमान र उसको साथमा कसैलाई साझी न गर्नु र उसले गरेको वादाहरु मथि दृढ विश्वास हो ।

हाम्रो देश नेपाल संसारको गरीब मुलुकहरु मध्ये एक हो । अरु समुदायहरु भन्दा मुस्लिम समुदायको आर्थिक र शैक्षिक स्थिति विशेष रूपले दैनीय छ । त्यसमा पनि इस्लामी शिक्षाको अभावले गर्दा मुसलमानहरुलाई इस्लामी तौर तरिकाले जीवन बिताउन गाह्रो छ । तसर्थ उपर्युक्त कुराहरुलाई ध्यानमा राखी मुसलमानहरुको आत्मामा अल्लाहको एकत्वमा दृढ विश्वास होस् र उनीहरु आफ्नो जीवन इस्लामको मूल आस्थाको प्रकाशमा बिताउन सकुन् भन्ने पवित्र उद्देश्य लिई यो इस्लामको मूल आस्था नामक पुस्तिकाको म आफ्नो राष्ट्रिय नेपाली भाषामा अनुवाद गरि यो सानो पुस्तिका प्रस्तुत गर्न चाहेको छु र यो आशा राखेको छु कि यसबाट हाम्रो मुस्लिम समुदायलाई निकै लाभ हुनेछ ।

प्रस्तुत पुस्तिकाको मूल लेखक कुरआन र हदीसको अनुकरण गर्नमा अति चासो राख्ने (दारुल हदीस मक्कः मुकर्रमः) को शिक्षक प्रख्यात सलफी विद्वान एवं धर्माचार्य((शैख मुहम्मद बिन जमील जैनू))ज्यू हुनुहुन्छ । उहाँले धेरै जसो अवश्यक कुराहरु स.प्रमाण एकत्रित गर्नु भएको छ । मूल प्रतिको उर्दु अनुवादक मौलवी अरशद मुख्तार हुनुहुन्छ,

सो उर्दु प्रतिलिपीको अनुवादबाट नेपाली भाषामा अनुवाद गर्ने प्रयास मैले गरेको छु । त्रुटिको हकमा क्षमा प्रार्थी छु र उचित सुझाव सल्लाह शिरोधार्य गर्ने छु । यस पुस्तक को प्रकाशनमा आर्थिक, नैतिक, सहयोग पुऱ्याउने हाम्रा आदरणीय महानुभावहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु अल्लाह उहाँहरुको जीवन सफल बनाई मुक्ति प्रदान गरोस् । र अल्लाहले यो सानो कार्यलाई स्वीकार गरी हामीलाई मुक्ति प्रदान गरुन् (आमीन)


**अनुवादक**

मोहम्मद इदरीस सलफी

कपिलवस्तु नगर पालिका वा.नं.९महुवा तौलिहवा

कपिलवस्तु (नेपाल)

**अध्यक्ष**

इस्लामिक गाइडेन्स सेन्टर

कपिलवस्तु (नेपाल)

मो.नं. ९८४७०३०७८०

# मनुष्य माथि अल्लाहको हक

**प्र.नं.१—:** अल्लाहले हामीलाई किन जन्म दिएको छ ?

**उ.नं.१—:** अल्लाहले हामीलाई यस हुनाले पैदा गरेको छ कि हामी उसको पूजा गरौ र उसको साथमा कसैलाई साभ्फी न गरौ । अल्लाहले भनेको छ **—:**

((वमा खलकतुल जिन्ना वल इन्सा इल्ला लेयअबुदून)) (अल जारियात ५६)

**अर्थ:** मैले जिन्नातहरु र मानवहरुलाई आफ्नो पूजा गर्नका लागि मात्र पैदा गरेको छु । र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ **—:** ( मानव माथि अल्लाहको यो हक छ कि मानव उसको  पूजा गरुन् र उसको साथमा कसैलाई साभ्फी न गरुन्) ।(बुखारी,मुस्लिम)

**प्र.नं.२—:** इबादत (पूजा) कसलाई भन्दछन् ?

**उ.नं.२—:** इबादत ती सबै कुराहरुलाई भनिन्छ जसलाई अल्लाहले रुचाउँछ । जस्तै प्रार्थना,दुआ,नमाज,बलिदान,आदि.....। अल्लाहले भन्छ **—:** ((कुल इन्ना सलाती व नोसोकी व महयाया व ममाती लिल्लाहे रब्बिल आलमीन)) (अलअन्आम १६३)

**अर्थ:** हे नबी भनि देऊ **!** कि नि:संदेह मेरो नमाज एवं कुर्बानी जीवन मरण सबै अल्लाहको लागि हो ।

नबी करीम सल्लल्लाहो अलैहे व सल्लमले भन्नु भएको छ । कि अल्लाहले भनेको छ । ((मेरो भक्तहरुले मेरो सन्निकटतम प्राप्त गर्नलाई जुन सुकै कुराको माध्यम बनाएमा त्यस मध्येबाट जुन कार्य मैले अनिवार्य गरेको छु , त्यस बाहेक मलाई अरु कुनै कार्य मन पर्दैन)) । ( हदीस कुदसी रवाहुल बुखारी)

**प्र.नं.३—:** हामी अल्लाहको इबादत कसरी गरौ ?

**उ.नं.३—:** अल्लाह र उसका रसूलले दिएका आदेशानुसार नै अल्लाहको इबादत गरौं । अल्लाहले भनेकोछ (( या अय्योहल्लजीना आमनू

अतीउल्लाहा व अतीउर्रसूला वला तुबतेलू आमालकुम)) (सूरः मोहम्मद ३३)

**अर्थः** हे ईमानवालाहरु ! अल्लाहको अज्ञा पालन गर र आफ्नो रसूलको अनुशरण गर र आफ्नो कर्मलाई नष्ट न गर ।

हजरत मोहम्मद(उहाँ माथी अल्लाहको शान्ति होस)ले भन्नु भएको छ (( मन अमेला अमलन् लैसा अलैहे अमरोना फहुवा रद्दुन)) ( रवाहो मुस्लिम)।

**अर्थः** मेरो आदेश र अमल विपरीत कार्य गर्ने ब्यक्ति अधर्मी हुन्छ ।

**प्र.नं.४—ः** के हामी अल्लाहको इबादत भय र लोभले गरौ ?

**उ.नं.४—ः** अँ ! हामी अल्लाहको पूजा भय र लोभले गरौं । अल्लाहले ईमानदार मुसलमानहरुको परिचयलाई वर्णन गर्दै भनेको छ–

**अर्थः** ती ब्यक्तिहरु आफ्नो अल्लाहलाई भय र लोभको साथ पुकारछन् ( अल सजेदः १६) । र—

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ -

**अर्थः** म अल्लाह संग स्वर्ग (जन्नत) माग्दछु र नर्कबाट क्षमा (पनाह) माग्दछु ।(सहीह रवाहो अबुदाऊद)

**प्र.नं.५—ः** पूजा भित्र उपकार कसलाई भन्दछन ?

**उ.नं.५—ः** अल्लाहको मुराकबः (चिन्तन) गर्नुलाई उपकार भन्दछन,अर्थात हामीलाई पूजा गर्दा यस्तो अनुभव होस् कि हामी हार्दिक दृष्टिले अल्लाहलाई देखिरहेका छौ । अल्लाहले भन्छ–

**अर्थः** अल्लाह त्यो हो जसले तिमीलाई त्यस समयमा हेरिरहेको हुन्छ,जब तिमी उसको सामुन्ने उभिएका हुन्छौ र ढोग्दा,पल्टदा,(रुकू सजदः गर्दा) पनि तिमीलाई देख्छ ।(सूरतुश्शोअरा २१९) र—

अल्लाहको रसूल सल्लल्लाहो अलैहे व सल्लमले भन्नु भएकोछ–

**अर्थः** उपकार यो हो कि तिमी अल्लाहको इबादत यस प्रकार गर जसबाट यो अनुभव होस् कि तिमी अल्लाहलाई देखिरहेका छौ, यदि तिमी उसलाई देख्न् सक्दैनौ भने त यो विश्वास गर कि ऊ तिमीलाई देखिरहेको छ ।(रवाहो मुस्लिम)

# तौहीदका किसिम र त्यसका फाईदाहरु

**प्र.नं.६—:** अल्लाह तआलाले रसूल (संदेष्टा) हरुलाई किन पठायो?

**उ.नं.६—**: अल्लाह तआलाले आफ्नो संदेष्टाहरुलाई आफ्नो इबादत गर्नु तर्फ बोलाउन र आफ्नो एकत्वमा अरु कसैलाई साझी बनाउनबाट रोकनका लागि पठाएको छ । अल्लाहले भन्छ–

**अर्थः** र निःसन्देह मैले हरेक समुदायमा एक रसूललाई पठाएको छु, जसले गर्दा मानिसहरु अल्लाहको इबादत गरुन् र शैतानबाट बचुन ( सूरः नहल ३६)। र—

नबी (उहाँ माथि अल्लाहको शान्ति होस्) ले भन्नु भएको छ - नबीहरु एकआर्काको भाइ हुन र उनीहरुको धर्म एउटै हो।(बुखारी, मुस्लिम)

**प्र.नं.७—:** तौहीदे रोबूबियत के हो ?

**उ.नं.७—**: अल्लाहको कार्य प्रणालीमा उसलाई एक मात्र समझनु तौहीदे रोबूबियत हो,जस्तो सृष्टी,भाग्य.....आदि । अल्लाह भन्छ–

**अर्थः** संपूर्ण प्रशंसा अल्लाहको लागि हो जो संपूर्ण संसारको पालनकर्ता हो (सूरःफातेहा) र—

मोहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** तिमी नै आकाश र पृथ्वीका मालिक हौ (बुखारी, मुस्लिम)

**प्र.नं.८—**: तौहीदे ओलूहियत के हो ?

**उ.नं.८—:** संपूर्ण इबादतमा अल्लाहलाई एक मान्नु तौहीदे ओलूहियत हो । जस्तै दोआ,बलिदान,नज्र....आदि । अल्लाहको भनाई छ–

**अर्थः** र तिम्रो अल्लाह मात्र एक छ,उस बाहेक अरु कोही पूज्य छैन,ऊ बडो कृपालु र दयालु छ (सूरःबकरः) । र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** उनलाई दिने पहिलो निमन्त्रण **लाइलाहा इल्लल्लाह** को गवाही दिनु हो अर्थात अल्लाह बाहेक कोही पूजनीय छैन । (बुखारी, मुस्लिम)र बुखारीको रिवायतमा छ–

**अर्थः** यहाँ सम्म कि तिनीहरु अल्लाहलाई एक मान्न थालुन ।

**प्र.नं.९—:** अल्लाहको नाम र उसको विशेषताहरुको तौहीद के हो ?

**उ.नं.९—:** अल्लाहको नाम र उसको विशेषताहरुको तौहीदको अर्थ यो हो कि अल्लाहले आफ्नो किताबमा जुन कुराहरुबाट आफ्नो परिचय गराएको छ,अथवा अल्लाहका रसूलले आफ्नो हदीसहरुमा उसको परिचय गराउनु भएको छ, त्यसलाई त्यसको वास्तविकताका साथ यस प्रकार साबित गर्नु कि न त उसमा ब्याख्या गर्न परोस् न त तिनलाई कुनै बस्तु संग दाँजियोस् र न तिनलाई निलम्बित समझियोस् जस्तै समान्ता,अवतरित हुनु व ठहरनु,हात.....आदि जस्तो गुणबर्धक प्रशंसा जुन अल्लाहका लागि स्वभाविक छन् । अल्लाह भन्छ–

**अर्थः** ऊ जस्तो संसारमा कोही पनि छैन,ऊ सधैं सुन्न सक्ने र दृष्टिगोचर छ ।(सूरतुश्शोअरा ११) र—

नबी (उहाँ माथि अल्लाहको शान्ति होस) ले भन्नु भएको छ -

**अर्थः** अल्लाह प्रत्येक राती यस दुनियाँमा आउँछ । ऊ यस प्रकार आउँछ जुन उसको शान र मानलाई सुहाउँछ, त्यस्तो आगमन हुनुमा संसारको कुनै प्राणीको समानता व तुलना राख्दैन्।(रवाहो मुस्लिम)

**प्र.नं.१०—:** अल्लाह तआला कहाँ छ ?

**उ.नं.१०—:** अल्लाह आकाशमा अर्श माथि छ । अल्लाह भन्छ–

**अर्थः** रहमान अर्श माथि उच्च छ (सूरःताहा) र—

मोहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** अल्लाहले एउटा किताब लेखेको छ जुन उसको पास अर्शमा छ । -बुखारी, मुस्लिम)

**प्र.नं.११—:** के अल्लाह हामीहरुको साथमा छ ?

**उ.नं.११—:** अल्लाह आफ्नो सुन्ने,देख्ने र ज्ञानका गुणहरुका संगै हाम्रो साथमा छ । अल्लाहले भन्छ–

**अर्थः** उसले भन्यो तिमी दुवै न डराऊ म तिम्रो साथमा छु, म सुन्छु र देख्छु पनि ।(सूरःताहा ४६) र नबी (उहाँ माथि अल्लाह को शान्ति होस्) ले भन्नु भएको छ -

**अर्थः** निःसन्देह तिमीले सुन्ने र निकट रहनेवालालाई पुकार छौ र ऊ तिम्रो साथमा छ । (रवाहो मुस्लिम)

**प्र.नं.१२—ः** तौहीदको फाइदा के हो ?

**उ.नं.१२—ः** परलोकमा अल्लाहको दण्डबाट मुक्ति र संसारमा सत्मार्ग प्राप्त हुने र पापहरुका निवारण हुनु नै तौहीदबाट हुने फाइदाहरु हुन । जस्तो कि अल्लाहले भन्छ–

**अर्थः** जुन ब्यक्तिहरुले ईमान ल्यए र आफ्नो ईमानलाई शिर्कमा मिसाएनन् भने यस्ता ब्यक्तिहरुका निम्ति शान्ति छ र तिनीहरु नै सत्मार्गी हुन । (सूरःअन्आम) र—

नबी (उहाँमाथि अल्लाहको शान्ति होस्) ले भन्नु भएको छ -

**अर्थः** अल्लाह माथि मनुष्यको यो हक छ कि जुन ब्यक्तिहरुले अल्लाहको साथमा कसैलाई साभी ठहराउँदैनन् भने त अल्लाहले पनि उनलाई दण्ड दिदैनन् ।

# कर्म स्वीकार हुने शर्तहरु

**प्र.नं.१३—:** कर्म स्वीकार हुने शर्तहरु के हुन ?

**उ.नं.१३—:** अल्लाहले कर्मलाई स्वीकार गर्ने तीन (३) वटा शर्तहरु छन् ।

**१–तौहीद** अल्लाहको एकत्व माथि ईमान,अर्थात अल्लाह माथि ईमान ल्याउनु,र उसलाई एक मान्नु । अल्लाहले भन्छ–

**अर्थः** निःसन्देह जुन व्यक्तिहरु ईमान ल्यए र सुकर्म गरे,उनीहरुको अतिथि सत्कारको लागि फिरदोसको बगैचाहरु छन् ।(अल कहफ १०८) र—

मोहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** भनि देऊ**!** (हे अल्लाहको रसूल) कि म अल्लाह माथि ईमान ल्याएँ अनि त्यसै माथि दृढ होऊ ।

**२—: इखलास** (निश्छलता) कर्म स्वीकार हुनुको दोस्रो शर्त निश्छलता हो । निश्छलता त्यस क्रियालाई भन्दछन जुन अल्लाहका लागि मात्र गरिन्छ । त्यसमा देखावा र नामावरी र प्रशंसाको भावना न होस् । सूरः मोमेनूनमा अल्लाह भन्छ–

**अर्थः** अल्लाहको लागि धर्म र बन्दगी निश्छलता पूर्वक गर ।

**३—: धर्म** (इस्लाम)को संविधान बमोजिम कर्म हुनु कर्म स्वीकार हुनुको तेस्रो शर्त यो हो कि त्यो कर्म रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले ल्याएको संविधान बमोजिम होस् । अल्लाहले भन्छ–

**अर्थः** र रसूलले तिमीलाई जो पनि देउन् त्यो लेऊ ,र जुन कुराबाट मनाही गरुन त्यसबाट रुकनुस् । (सूरःअलहश्र ६) र—

मोहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जसले कुनै यस्तो कर्म गर्छ जुन मेरो आदेश बमोजिम छैन भने त्यो कर्म अमान्य छ । (मुस्लिम)

# सबै भन्दा ठूलो शिर्क

**(अल्लाहको क्रिया कलापमा अरुलाई साझी भएको मान्ने धारणालाई शिर्क भन्दछन)**

**प्र.नं.१—:** अल्लाहको निकट सबै भन्दा ठूलो पाप के हो ?

**उ.नं.१—:** अल्लाहको निकट सबै भन्दा ठूलो पाप उसको साथमा अरु कसैलाई साझी गर्नु हो, यसको प्रमाण यो हो जसतो कि कुर्आनमा उल्लेख छ —

**अर्थः** हजरत लुकमानले आफ्नो छोरालाई उपदेश दिदै भन्नु भयो — हे मेरो पुत्र! अल्लाहको साथमा कसैलाई साझी न गर्नु, निःसन्देह उसको साथमा साझी गर्नु सबै भन्दा ठूलो पाप हो (सूरःलुकमान १३) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम सित सब भन्दा ठूलो पाप के हो सोध्दा खेरि उहाँले भन्नु भयो कि सबै भन्दा ठूलो पाप अल्लाहको साथमा कसैलाई साझी गर्नु हो,किन भने उसैले तिमीलाई जन्म दिएको छ । (बुखारी, मुस्लिम)

**प्र.नं.२—:** सबै भन्दा ठूलो शिर्क के हो ?

**उ.नं.२—:** अल्लाह बाहेक अरु कसैको कुनै किसिमको पूजा,उपासना गर्नु सबै भन्दा ठूलो शिर्क हो । जस्तै अल्लाह बाहेक कसैलाई पुकार्नु व मृतकहरु अथवा हाजिर न भएका जीवितहरुबाट सहायताका लागि पुकार्नु...आदि । अल्लाहले भन्छ–

**अर्थः** तिमी अल्लाहको बन्दगी गर र उसको साथमा कसैलाई साझी न गर ।(सूरःनिसा ३५) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** अल्लाहको साथमा कसैलाई साझी गर्नु सबैभन्दा ठूलो पाप हो ।

**प्र.नं.३—:** के इस्लामी समुदायमा शिर्क छ ?

**उ.नं.३—:** अँ ! यस समुदायमा पनि शिर्क पाईन्छ । यसको प्रमाणमा अल्लाहले कुर्आनमा भन्छ–

**अर्थः** र धैरै जसो अल्लाह माथि ईमान ल्याउनको दावी गर्छन तर उनी मुशिरक हुन । (सूरःयूसुफ १०६) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** त्यस बखत सम्म प्रलय कायम हुदैन्,जब सम्म मेरो अनुयायीहरु मध्येबाट काफिरहरु संग मिलेर मुर्ति पूजा गर्न लाग्दैनन् । (तिर्मिजी)

**प्र.नं.४—:** मृतक र लुप्त ब्यक्तिहरुलाई पुर्कानुको के हुकुम छ ?

**उ.नं.४—:** मृतक र लुप्त भएका ब्यक्तिहरुलाई पुर्कानु महापाप हो (ठूलो शिर्क हो)

अल्लाहले भन्छ–

**अर्थः** र तिमीले उनलाई न पुकार ! जसले तिमीलाई हानि र लाभ पुऱ्याउन सक्दैनन् , यदि तिमीले यस्तो गऱ्यो भने तिमी अत्याचारी हुने छौ ।(सूरःयूनुस १०६) र–

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जुन ब्यक्ति यस अवस्थामा मऱ्यो कि ऊ अल्लाहको साथमा कसैलाई साझी गऱ्यो भने ऊ नर्कमा जान्छ । (बुखारी)

**प्र.नं.५—:** के प्रार्थना (दुआ) इबादत हो ?

**उ.नं.५—:** अँ ! प्रार्थना (दुआ) इबादत(पूजा) हो । अल्लाहले भन्छ–

**अर्थः** र तिम्रो रब (खुदा) को आदेश छ कि म संग आसिक (दुआ) मांग म तिम्रो प्रार्थना र आसिकलाई स्वीकार गर्छु । जुन ब्यक्तिहरु म संग आसिक माग्दा घमण्ड गर्छन, निकट भविष्यमा नर्कमा जाने छन् ।( सूरःमोमिन ६०) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** प्रार्थना पूजा हो ।(रवाहो अहमद)

**प्र.नं.६—:** के मृतकले बिन्ती सुन्छन् ?

**उ.नं.६—:** होइन ! मृतकहरु बिन्ती सुन्दैनन् । अल्लाहले भन्छ–

**अर्थः** तिमी मृतकहरुलाई सुनाउन सक्दैनौ । (सूरःनमल ८०)आर्को ठाउँमा पनि अल्लाहले भन्छ–

**अर्थः** र तिमीहरु चिहानमा रहेका मृतकहरुलाई सुनाउन सक्दैनौ । (अल फातिर २२)

# ठूलो शिर्कका किसिमहरु

**प्र.नं.७—:** के हामी मृतक र अविद्यमान(अनुपस्थित) भएकाहरु सित बिन्ती गर्न सक्छौ ?

**उ.नं.७—:** हामी मृतक र अविद्यमान (अनुपस्थित) भएकाहरु सित बिन्ती गर्न सक्दैनौ । अल्लाहले भन्छ–

**अर्थः** र ती व्यक्तिहरु जो अल्लाह बाहेक अरुहरुलाई पुकारछन्,जसले कि केही पनि पैदा गर्न सक्दैनन्,बरु उनी स्वंय पैदा गरिएकाछन्,उनी मरेकाछन् र उनमा जिन्दगीको रमक(झलक) पनि छैन,र उनीहरुलाई यो पनि थाहा छैन कि कहिले जीवित गरिनेछन् । (सूरःनहल२०,२१)

आर्को ठाउँमा पनि अल्लाहले भन्छ–

**अर्थः** जब तिमीहरुले आफ्नो रब संग बिन्ती, अनुयोग गरिरहेका थियौ र उसले तिम्रो अनुयोगलाई स्वीकार गरेको थियो । (सूरःअन्फाल १०) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** हे ! सधै जीवित रहने सबैको हेरचाह गर्ने तिम्रो करुणा संग अनुयोग गर्छौं ।(हसन रवाहो तिर्मिजी)

**प्र.नं.८—:** के अल्लाह बाहेक अरु कसै संग अनुयोग गर्नु जायज छ ?

**उ.नं.८—:** अल्लाह बाहेक अरु कसै संग अनुयोग गर्नु जायज छैन । सूरःफातेहामा अल्लाहले भन्छ–

**अर्थः** हामी मात्र तिम्रो पूजा (बन्दगी) गर्छौं र तिमी सित नै सहयोग माग्छौ । र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** तिमीलाई केही माग्नु छ भने अल्लाह सित माँग, र तिमीलाई सहयोग माग्नु छ भने अल्लाह सित माग । (हसन रवाहो तिर्मिजी)

**प्र.नं.९—:** के हामी जीवित सित सहयोग माग्न सकछौ ?

**उ.नं.९—:** हाँ ! जुन कुरा जीवितहरु गर्न सक्छन् त्यस कुरामा हामी उनीहरुको सहयोग लिन सक्छौ । अल्लाहले भन्छ–

**अर्थः** र तिमीहरु सुकर्म र निग्रह (तक्वा) मा एक आर्काको सहयोग गर ।(सूर:अल माएद:) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** अल्लाह आफ्नो बन्दाहरुको सहयोग त्यस बखत सम्म गर्छ,जब सम्म बन्दा आफ्नो भाइको मद्दत गर्छ । (रवाहो मुस्लिम)

**प्र.नं.१०—:** के अल्लाह बाहेक अरु कसैलाई मिन्नत व नजर (भेंट) जायज छ ?

**उ.नं.१०—:** मिन्नत व नजर (भेंट) अल्लाहको लागि मात्र जायज छ । जस्तो कि हजरत मरियमको आमाले आफ्नो पेटको बच्चालाई अल्लाहको लागि मात्र नजर मान्नु भएको थियो, त्यो कुरा अल्लाहले कुर्आनमा यसरी दर्शाएको छ ।

**अर्थः** जब हजरत इमरानको स्वासनीले भन्नु भयो हे मेरो अल्लाह ! मेरो गर्भ (पेट) मा जे पनि छ उसलाई तिम्रो लागि नजर मानेको छु त्यो तिम्रो लागि स्वतन्त्र छ । (आले इमरान ३४) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जुन ब्यक्तिले यस कुराको मिन्नत मान्यो कि ऊ अल्लाहको अनुकरण गर्ने छ त त्यसलाई चाहियो कि अल्लाहको अनुकरण गरोस् र जुन ब्यक्तिले यस कुराको मिन्नत मान्यो कि ऊ अल्लाहको अनुकरण गर्ने छैन त ऊ उलंघन न गरोस् । (बुखारी)

**प्र.नं.११—:** अल्लाह बाहेक अरु कसैका लागि जनावर बलिदान गर्नु जायज छ ?

**उ.नं.११—:** अल्लाह बाहेक अरु कसैका लागि जनावर बलिदान गर्नु जायज छैन । अल्लाहले भन्छ–

**अर्थः** तिमी आफ्नो अल्लाहको लागि नमाज पढ र जनावरलाई उसको नाममा काट (बलिदान गर) (अल कौसर) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** यस्तो ब्यक्ति माथि अल्लाहको धिक्कार होस्, जसले अल्लाह बाहेक अरु कसैको लागि बलिदान गरोस् । (मुस्लिम)

**प्र.नं.१२—:** के अल्लाहको निकटता पाउनका इच्छाले समाधिहरुको परिक्रमा गर्न सक्छौ ?

**उ.नं.१२—:** अल्लाहको निकटता पाउनका इच्छाले कअबःको मात्र परिक्रमा गर्न जायज छ,चिहानको होइन । अल्लाहले भन्छ–

**अर्थः** र उनीहरुलाई चाहियो कि अल्लाहको पुरानो घरको परिक्रमा गरुन । (अल हज २९) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जसले सात चोटि कअबःको परिक्रमा गरी दुई रकअत नमाज पढ्यो भने उसले एक गुलाम आजाद (स्वतन्त्र) गर्यो । (सहीह रवाहो इब्नेमाजा)

**प्र.नं.१३—:** इस्लाममा जादूको के हुकुम छ ?

**उ.नं.१३—:** जादु कुफ्र (अस्वीकृत)हो । अल्लाहले भन्छ–

**अर्थः** र तर शैतानहरुले कुफ्र गरी उनीहरुलाई जादू सिकाउँछन् । ( सूरःबकरः१०२) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** सात भयानक कुराहरुबाट बच, अल्लाहको साथमा कसैलाई साभ्मी गर्न र जादूबाट..... । (मुस्लिम)

**प्र.नं.१४—:** के हामी भविष्य वाणी बताउने बारेमा ज्योतिषिहरु एवं भाग्य बताउनेहरुमा विश्वास गर्न सक्छौ ?

**उ.नं.१४—:** हामी भविष्य वाणी बताउने बारेमा ज्योतिषिहरु एवं भाग्य बताउनेहरुमा विश्वास गर्नु हुन्न । अल्लाहले सूरःनमलमा भन्छ–

**अर्थः** भनिदिनुस् हे अल्लाहको रसूल कि आकाश पृथ्वीमा जो पनि छन्, उनीहरु अन्तर्यामी छैनन् अन्तरात्माको ज्ञान अल्लाहलाई मात्र छ । ( सूरःनमल ६५) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जुन सुकै ब्यक्तिले पनि कुनै ज्योतिषि संग आएर उसले भनेका कुराहरुलाई स्वीकार गर्छ भने उसले मोहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि अवतरित भएको धार्मिक कानून कुर्आनलाई अस्वीकार गर्छ । (सहीह रवाहो अहमद)

**प्र.नं.१५—:** के कुनै ब्यक्तिलाई लुप्त (गायब)को बारेमा थाहा छ ?

**उ.नं.१५—:** ती रसूलहरु जसलाई अल्लाहले उनीहरुको बारेमा केही बताएको छ तिनी बाहेक अरु कसैलाई लुप्तको बारेमा थाहा छैन । अल्लाहले सूर:जिन्नमा भन्छ–

**अर्थ:** अल्लाह आफुले रुचाएको रसूल बाहेक अरु कसै माथि आफ्नो भित्री ज्ञान जाहेर गर्दैन् । र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थ:** अल्लाह बाहेक अरु कोही अन्तर्यामी छैन् । (हसन रवाहो तबरानी)

**प्र.नं.१६—:** के हामी तावीज (जन्त्र) माला, धागो आदि सफलताको लागि लाउन सक्छौ ?

**उ.नं.१६—:** हामी तावीज (जन्त्र) माला, धागो आदि सफलताको विश्वास गरेर लाउन सक्दैनौ । अल्लाहले सूर:अनआममा भन्छ–

**अर्थ:** यदि अल्लाहले तिमीलाई हानि पुर्याउँछ भने उसलाई अरु कसैले मुक्त गर्न सक्दैन । (सूर:अन्आम १७) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ– त्यो तावीज (जन्त्र) माला धागो आदि भयभीत व कमजोर बनाउन बाहेक अरु कुनै फाइदा पुऱ्याउन सक्दैन । त्यसलाई आफुबाट फुकालिदेऊ,किन भने यदि तिमी उसको साथमा मऱ्यो भने कहिले पनि मुक्ति हुने छैन् । (रवाहो हाकिम)

**प्र.नं.१७—:** के हामी घोंघा,र गाग्रो,आदि झुण्डयाउन सक्छौ ?

**उ.नं.१७—:** जादू,बोक्सीबाट बच्नका लागि घोंघा जन्त्र आदि कुनै पनि बस्तु झुण्डयाउन सक्दैनौ । अल्लाहले भन्छ–

**अर्थ:** यदि अल्लाहले तिमीलाई कुनै किसिमको दु:ख दिन्छ भने अल्लाह बाहेक अरु कसैले हटाउन सक्दैन् । (सूर:अन्आम १७) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थ:** जसले तावीज लगायो उसले शिर्क गर्यो । (मुसनद अहमद)

**प्र.नं.१८—:** इस्लामको विरुद्ध कुनै कानून पालन गर्नुका लागि के हुकुम छ ?

**उ.नं.१८—:** ती कानूनहरु जुन इस्लामको विरुद्धमा छन् । त्यसलाई उचित (जायज) ठानेर विश्वास गरी आचरण गर्नु कुफ्र हो । अल्लाहले सूर:मायद:मा भन्छ–

**अर्थः** अल्लाहले पठाएको कानून बमोजिम जुन ब्यक्तिहरु फैसला गर्दैनन् तिनी ब्यभिचारी (फासिक) हुन । (सूर:मायद:४७) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** र इस्लामका नायकहरु अल्लाहको किताब बमोजिम फैसला गरेनन् र अल्लाहले पठाएको धार्मिक कानून बमोजिम आचरण गरेनन् भने अल्लाहले तिनीमा ठूलो फूट र विरोध पारिदिन्छ । (हसन रवाहो इब्नेमाजा)

**प्र.नं.१९—:** अल्लाहलाई कसले जन्म दियो ? हामी शैतानको यस्तो प्रश्नको उत्तर कसरी दिने ?

**उ.नं.१९—:** जब शैतानले कसैको मनमा यस्तो प्रश्नको संदेह (वसवसा) उत्पन्न गरोस् त त्यसको लागि अल्लाहबाट क्षमा याचना गर्नु पर्छ । अल्लाहको बाणी छ–

**अर्थः** यदि तिमीलाई शैतानको माध्यमबाट कुनै सन्देह होस् भने तिमी अल्लाहको शरण खोज,निःसन्देह ऊ धेरै सुन्ने र धेरै जान्नेवाला छ । -अलअअ्राफ २००) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई दैत्यहरुको भ्रमजालबाट बाँच्नका लागि यी शब्दहरु सिकाउनु भएको छ–

**अर्थः** म अल्लाह र उसका संदेष्टाहरु मथि ईमान ल्याएँ । अल्लाह एक मात्र छ, अल्लाह बेनियाज छ,न त ऊ आफ्नो पेटबाट कसैलाई जन्माउछ र न उसलाई कसैले जन्माएको छ र न उसका कोही बराबर (हमसर)छ , फेरि ऊ आफ्नो बायाँ तर्फ ३ चोटी थुकोस् र शैतानको भ्रम जालबाट बाँच्न अल्लाह संग क्षमा माग्नु पर्छ र यस प्रकारबाट संदेह स्वतः गई हाल्छ । (यो बुखारी,मुस्लिम,अहमद,अबुदाऊदमा वारिदशुदः सहीह अहादीसको खुलासा हो)

**प्र.नं.२०—:** शिर्के अकबर (ठूलो शिर्क)का हानिहरु के हुन ?

**उ.नं.२०—:** ठूलो शिर्कको सब भन्दा ठूलो हानि यो हो कि मानिस शिर्कको कारणले गर्दा सधैं नर्कमा रहने छ । अल्लाहले सूरःमायदःमा भन्छ–

**अर्थः** अल्लाहको साथमा कसैलाई साझी गर्ने ब्यक्ति माथि अल्लाह जन्नत (स्वर्ग) हराम गरिदिन्छ, र उनीहरुको ठाउँ नर्क हो, र अत्याचारीहरुको कोही सहायक छैन । (सूरःमायदः७२) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जुन ब्यक्ति यस्तो अवस्थामा अल्लाह संग भेट्यो कि ऊ अल्लाहको साथमा अरुलाई साझी गर्दथ्यो भने ऊ नर्कमा जानेछ । (रवाहो मुस्लिम)

**प्र.नं.२१—ः** के शिर्कको साथमा कुनै सुकर्मबाट लाभ हुन सक्छ ?

**उ.नं.२१—ः** शिर्कको साथमा कुनै पनि सुकर्म गरेबाट लाभ हुन सक्दैन् । अल्लाहले रसूलहरुको बारेमा भनेको छ–

**अर्थः** यदि तिनीहरुले शिर्कगरेको भए तिनीहरुले जो पनि सुकर्मगर्दथे सबै ब्यर्थ भई हाल्थ्यो । (सूरःअनआम ८९) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** अल्लाहले भनेको छ म साझेदारीको बारेमा हरेक किसिमको साझीबाट बेपरवाह (बन्चित)छु,जसले पनि कुनै सुकर्म गर्यो र उसमा अरु कसैलाई साझी गऱ्यो भने म त्यस ब्यक्ति र त्यसले गरेको सुकर्मलाई पनि कबूल गर्दैन । (रवाहो मुस्लिम)

# शिर्के असगर (सानो शिर्क)

**प्र.नं.१—:** शिर्के असगर के हो ?

**उ.नं.१—:** रिया (पाखण्ड)लाई शिर्के असगर भन्दछन् । अर्थात कुनै काम अल्लाहका लागि न गरिकन संसारलाई देखाउनका लागि मात्र गर्यो भने त्यो शिर्के असगर हो । अल्लाहले सूर:कहफमा भन्छ–

**अर्थ:** जुन ब्यक्ति अल्लाहको दर्शनको अभिलाषी होस्, त्यसलाई चाहियो कि ऊ सुकर्म गरोस् र आफ्नो खुदाको इबादतमा कसैलाई साझी न गरोस् । (सूर:कहफ ११०) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थ:** सबै भन्दा धेरै भयंकर कुरो जसको बारेमा म तिमीहरुलाई डराउँछु त्यो शिर्के असगर (रिया)हो अर्थात पाखण्ड हो ।

कुनै ब्यक्तिको यो भनाई कि अल्लाह र फलानो न भएको भए अथवा यो भन्नु कि जुन अल्लाहले चाहोस् र तपाई (रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लम) ले चाहेमा यो कार्य हुन सक्छ भन्यो भने त्यो पनि शिर्के असगरमा दाखिल हुन्छ । र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ– कि तिमीहरु यस्तो कदापि न भन कि जुन अल्लाहले चाहोस् र फलानोले चाहोस्, बरु यस्तो भन यदि अल्लाहले चाहोस् । (सहीह रवाहो अहमद)

**प्र.नं.२—:** के अल्लाह बाहेक अरु कसैको कसम (शपथ) खानु जायज छ ?

**उ.नं.२—:** अल्लाह बाहेक अरु कसैको कसम (शपथ) खानु जायज छैन् । अल्लाहले सूर:तगाबुनमा भन्छ–

**अर्थ:** भन ! खुदाको कसम– नि:सन्देह तिमीहरु अवश्य नै यस संसारबाट उठाइने छौ । (सूर:तगाबुन १७) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थ:** जसले अल्लाह बाहेक अरु कसैको नामको शपथ खायो उसले शिर्क गर्‍यो। (सहीह रवाहो अहमद) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले एक आर्को ठाउँमा भन्नु भएको छ–

**अर्थः** जसलाई कसम खानु परोस्,ऊ अल्लाहको नामको कसम खाओस् अथवा चुप लागोस् ।

# माध्यम बनाएर मुक्ति माग्नु

**प्र.नं.१—:** अल्लाह सम्म पुग्न हामीलाई कुन कुराको माध्यम चाहियो ?
**उ.नं.१—:** केही माध्यम जायज छन्,र केही नाजायज (वर्जित) छन् ।
**क–जायज माध्यम–**जुन कुराहरुबाट साधना व माध्यम जायज छ त्यो अल्लाहको नामहरु, उसको गुण, एवं सुकर्म आचरण हुन् । अल्लाहले कुर्आनमा भन्छ–
**अर्थः** र अल्लाहको राम्रा राम्रा नाम छन्, अल्लाहलाई तिनै नामहरुबाट पुकारनुस् । (सूरःअअ्राफ) एक आर्को ठाउँमा अल्लाहले भनेको छ–
**अर्थः** हे ईमानवालाहरु ! अल्लाह सित डराऊ र उसलाई पाउनका लागि माध्यमको खोजी गर, अर्थात उसको निकटता प्राप्त गर । ( सूरःअलमाएदः)
(उसको आदेश पालन गरेर र ती कर्म गरेर जसबाट ऊ प्रसन्न हुन्छ) यो वर्णन भएको ब्याख्या हो जसलाई महान विद्वान इब्नेकसीरले कतादहको माध्यमबाट ब्याख्या गर्नु भएको छ । र रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–
**अर्थः** हे अल्लाह! म तिमीलाई तिम्रो ती सबै नामबाट सवालगर्छु, जुन तिम्रो मान तथा ब्यक्तित्वलाई सुहाउँछ । (सहीह रवाहो अहमद)

एक सहाबी जो जन्नतमा रसूलुल्लाहको साथ चाहन्थे उहाँलाई रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो–
**अर्थः** आफ्नो आत्माको सहायता गर अधिक सजदः गरेर अर्थात नमाज पढेर । (मुस्लिम)
**ख– वर्जित माध्यम–** जुन कुराहरुबाट माध्यम वर्जित छ ती हुन मृतकहरुलाई पुकारनु तिनी सित आफ्नो मनोकामनालाई माग्नु जस्तो आज भोलि खुला रूपमा हुन्छ । यस्तो गर्नु शिर्के अकबर हो, किन भने अल्लाहले भनेको छ–
**अर्थः** र तिमी अल्लाह बाहेक अरु कसैलाई न पुकार जसले न तिमीलाई लाभ पुऱ्याउन सक्छ र न त हानि नै पुऱ्याउन सक्छ, यदि तिमीले यस्तो

गर्यो भने तिम्रो गणना अत्याचारीहरुमा हुनेछ अर्थात तिमी पनि मुश्रिक कहलाउने छौ । (सूर:यूनुस १०६)

**ग–नबी सल्लल्लाहो अलैहे वसल्लमको महान्ता एवं मर्यादालाई साधना बनाउनु–** नबी सल्लल्लाहो अलैहे वसल्लमको बुजुर्गी एवं प्रताप द्वारा साधना चाहनु उदाहरणार्थ यस्तो भन्नु कि हे मेरो अल्लाह मोहम्मद सल्लल्लाहो अलैहे वसल्लमको बुजुर्गी एवं मर्यादाका लागि मलाई स्वस्थ्य प्रदान गर । यस प्रकारको माध्यम बनाउनु बिदअत हो । यस हुनाले कि सहाबाहरु (रसूलका साथीहरु)ले यस्तो गरेका छैनन् र यसले पनि कि हजरत उमरले आफ्नो प्रार्थनामा हजरत अब्बासलाई माध्यम बनाए, जुन कि त्यस बखत जीवित थिए, र नबी सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भई सकेका हुनाले उहाँ लाई माध्यम बनाउनु भएन् ।

यस प्रकारको साधना मानिसलाई शिर्क सम्म पुऱ्याईदिन्छ किन भने जब मानिसको विश्वास यस्तो हुन्छ कि अल्लाह कुनै ब्यक्ति विशेषको माध्यमको मुहताज छ अर्थात उनीहरुको सल्लाह र सुझावको मुहताज छ भने उसले स्रेष्टालाई सृष्टीको बराबरीमा गरिदियो ।

**प्र.नं.२—:** के प्रार्थना कुनै मानव माध्यमको आश्रय छ ?

**उ.नं.२—:** प्रार्थना कुनै मानव माध्यमको आश्रय छैन् । अल्लाहले भनेको छ–

**अर्थः** जब तिमी सित मेरो अनुयायीहरु मेरो बापत सोधुन् त भनिदिनुस् म निकट छु । (सूर:बकर:) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** तिमीहरु एक यस्तो शक्तिशालीलाई पुकारछौ जुन धेरै नै सुन्नेवाला र निकट छ । ऊ आफ्नो ज्ञान गुणका साथ तिमीहरुको साथ छ । ( मुस्लिम)

**प्र.नं.३—:** के जीवितहरु संग बिन्ती (दरखास्त) गर्नु जायज छ ?

**उ.नं.३—:** जीवितहरु संग बिन्ती (दरखास्त) गर्नु जायज छ तर मृतकहरु संग जायज छैन् । नबी सल्लल्लाहो अलैहे वसल्लम जब जीवित थिए तब उहाँलाई आवहान गर्दै अल्लाहले  भनेको छ–

**अर्थः** हे नबी तिमी आफ्नो र ईमानवाला पुरुष र ईमानवाली स्त्रीहरुका पापहरुको क्षमामांग्नुस् । (सूर:मुहम्मद १९) एउटा सहीह हदीसमा छ–

**अर्थः** एक ब्यक्ति जसको आँखा अन्धो भइसकेको थियो, नबी सल्लल्लाहो अलैहे वसल्लमको समक्ष आएर भन्यो कि तपाई अल्लाह संग मेरो आँखा सन्चो हुनका लागि दुआ गरिदिनुस । (रवाहो तिर्मिजी)

**प्र.नं.४—ः** रसूलुल्लाहको वास्ता (माध्यम)के हो ? अर्थात रसूलुल्लाहको माध्यस्ता अल्लाह र ब्यक्तिहरुको बीचमा कुन प्रकारको छ ?

**उ.नं.४—ः** रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको माध्यस्ता अल्लाहको निर्देशनहरुलाई सबैको समक्ष पुऱ्याईदिनु हो । अल्लाहले भनेको छ–

**अर्थः** हे रसूल**!** जे पनि तिम्रो खुदाको तर्फबाट तिमी माथि अवतरित गरिएको छ, पुऱ्याई देऊ । (सूरःअलमाएदः६७)

र जब सहाबाहरुले भने हामी गवाही दिन्छौ कि निःसन्देह तपाईले अल्लाहको निर्देशनहरु पुऱ्याई दिनु भयो । उसको जवाफमा रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो–हे अल्लाह तिमी साक्षी हौ–(मुस्लिम)

**प्र.नं.५—ः** हामी रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको सिफारिश कसबाट प्राप्त गरौ ?

**उ.नं.५—ः** हामी रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमको सिफारिश अल्लाहबाट प्राप्त गरौं । अल्लाहले भनेको छ–

**अर्थः** भनि देऊ **!** कि हरेक प्रकारको सिफारिश गर्ने अधिकार अल्लाहलाई नै छ । (सूरःजोमर ४४) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले एक सहाबीलाई सिकाउनु भयो कि उहाँले भनुन्–

**अर्थः** हे अल्लाह **!** मेरो लागि रसूलुल्लाहलाई सिफारिशी बनाई देऊ । ( सहीह रवाहो तिर्मिजी) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले आर्को ठाउँमा भन्नु भयो–

**अर्थः** मैले आफ्नो सिफारिशलाई प्रलयको दिनका लागि उनीहरुका लागि सुरक्षित राखेको छु, जुन मेरो उम्मत मध्ये यस्तो अवस्थामा मरेका छन् कि उनीहरुले अल्लाहको साथमा कसैलाई साझी गरेका छैनन् । ( मुस्लिम)

**प्र.नं.६—ः** के हामी जीवितहरु संग सिफारिश लिन सक्छौ ?

**उ.नं.६—:** हामी दुनियाँको कामका लागि जीवितहरु संग सिफारिश लिन सक्छौ । अल्लाहले  भनेको छ–

**अर्थ:** जसले राम्रो सिफारिश पेश गर्छ उसको लागि त्यसमा एक भाग छ र जसले नराम्रो सिफारिश पेश गर्छ उसको लागि त्यसमा एक भाग छ । अर्थात राम्रो सिफारिशको राम्रो साटो, र नराम्रो सिफारिशको नराम्रो साटो सिफारिश गर्नेलाई मिल्छ । (सूर:निसा ८५) र—

रसूलुल्लाह सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो–

**अर्थ:** सिफारिश गर त्यसको साटो पाउने नै छौ (सहीह रवाहो अबुदाऊद)

**प्र.नं.७—:** के हामी रसूलुल्लाहको प्रशंसामा आतिश्योक्त (मुबालग:) गर्न सक्छौ ?

**उ.नं.७—:**होइन **!** हामी रसूलुल्लाहको प्रशंसामा आतिश्योक्त (मुबालग:) गर्न सक्दैनौ । अल्लाहले  भनेको छ–

**अर्थ:** हे नबी **!** भनि देऊ कि म पनि तिमीहरु जस्तै एउटा मानिस हूँ म माथि प्रकाशना (वह्य) हुन्छ नि:सन्देह तिम्रो उपास्य एक मात्र अल्लाह हो । (सूर:कहफ ११०) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थ:** तिमीहरु मेरो पद भन्दा धेरै प्रशंसा नगर, जुन प्रकार नसाराले ईसा बिन मरियमको पद भन्दा धेरै प्रशंसा गरे, नि:संदेह म अल्लाहको भक्त हूँ, त तिमीहरु यो भन् कि अल्लाहको भक्त र उसको रसूल हूँ । (रवाहो बुखारी)

# मुहब्बत  मित्रता र फैसला गर्ने

**प्र.नं.१—:** इस्लाममा शत्रुहरु सित मुहब्बतगर्नु कस्तो छ ?

**उ.नं.१—:** अल्लाह र उसका रसूलहरुका शत्रुहरु संग प्रेम गर्नु मनाही छ । अल्लाहले  भनेको छ–

**अर्थः** हे ईमानवालाहरु ! मेरो र आफ्नो शत्रुलाई मित्र बनाएर मित्रता न गर ।(सूरःमुमतहेनः)

**प्र.नं.२—:** विला (मित्रता) के हो ?

**उ.नं.२—:** विला प्रेम र मद्दतलाई भन्दछन । अल्लाहले सूरःतौबःमा भनेको छ–

**अर्थः** मुसलमान पुरुष र स्त्री आफू आफूमा एक आर्काका मित्र हुन । ( सूरःतौबः७१) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** एक मुसलमान आर्को मुसलमानका लागि दिवाल जस्तै छ, जुन एक आर्कालाई मजबूत पार्छन । (रवाहो मुस्लिम)

**प्र.नं.३—:** के इस्लामका शत्रुहरु सित मित्रता गर्नु र उनीहरुको सहायता गर्नु जायज छ ?

**उ.नं.३—:** इस्लामका शत्रुहरु सित मित्रता गर्नु र उनीहरुको सहायता गर्नु जायज छैन् । अल्लाहले भनेको छ–

**अर्थः** तिमीहरु मध्ये जसले उनीहरु संग मित्रता गर्छ ऊ तिनै मध्येबाट हुन्छ । (सूरःअलमाएदः५१) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** फलानो कबीला (गोत्र) का ब्यक्तिहरु मेरा मित्र होइनन् । (सहीह रवाहो अहमद)

**प्र.नं.४—:** वली (ऋषि) को हो ?

**उ.नं.४—:** संयमी मुसलमान वली (ऋषि) हो । अल्लाहले भनेको छ–

**अर्थः** निःसन्देह वलीहरुलाई कुनै किसिमको भय व चिन्ता हुँदैन्, उनीहरु महात्मा हुन, उनीहरु ईमान ल्यए र संयमलाई  रुचाउँछन् । र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** निःसन्देह मेरो वली अल्लाह हो र संयमी मुसलमान हुन । (सहीह रवाहो अहमद)

**प्र.नं.५—ः** मुसलमानहरुले कुन कुरा द्वारा फैसला गरुन् ?

**उ.नं.५—ः** मुसलमानहरुले पवित्र कुर्आन र पवित्र हदीसको आधारमा फैसला गरुन् । अल्लाहले सूरःमाएदःमा भनेको छ–

**अर्थः** तपाई उनीहरुको बीचमा अल्लाहले अवतरित गरेको पवित्र कुर्आनको आधारमा फैसला गर्नुस् । (सूरःमाएदः४९) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** हे अल्लाह ! हाजिर व गायब (प्रत्यक्ष व अप्रत्यक्ष) लाई जान्ने हौ, तिमी नै आफ्नो अनुयायीहरुको बीच निर्णय गर्छौ । (रवाहो मुस्लिम)

# कुर्आन र हदीस माथि अनुकरण गर्नु

**प्र.नं.१—:** अल्लाह तआलाले कुर्आन मजीद किन अवतरित गर्यो ?
**उ.नं.१—:** अल्लाह तआलाले पवित्र कुर्आन माथि अनुकरण गर्नका गागि अवतरित गरेको छ। अल्लाहले सूरःअल आराफमा भनेको छ–
**अर्थः** अल्लाहले तिमी माथि जुन किताब अवतरित गरेको छ, त्यसको तिमी अनुकरण गर। (सूरःअल आराफ ३) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–
**अर्थः** तिमीहरु पवित्र कुर्आन पढनुस् र त्यसैलाई अनुकरण गर्नुस् र त्यसलाई जीवनोपार्जन न बनाऊ। (सहीह रवाहो अहमद)
**प्र.नं.२—:** सहीह हदीस माथि अमल गर्नुको बारेमा के हुकुम छ ?
**उ.नं.२—:** सहीह हदीस माथि अमल गर्नु अति अवश्यक छ। अल्लाहले सूरःअल हश्रमा भनेको छ–
**अर्थः** रसूल सल्लल्लाहो अलैहे वसल्लमले तिमीलाई जो सुकै देऊन, उसलाई लेऊ र जुन कुराहरुबाट रोकुन् उसबाट रुक। (सूरःअल हश्र ७) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–
**अर्थः** तिमी माथि मेरो सुन्नतको अनुकरण गर्नु र खुलफाए राशेदीनको अनुकरण गर्नु अवश्यक छ, त्यसलाई मजबूती संग समाऊ। (सहीह रवाहो अहमद)
**प्र.नं.३—:** के हामी कुर्आनको मात्र अनुकरण गरी हदीसबाट बंचित हुन सक्छौ ?
**उ.नं.३—:** होइन ! हामी कुर्आनको मात्र अनुकरण गरी हदीसलाई छाडन र बेवस्ता गर्न र बंचित हुन सक्दैनौ। अल्लाहले सूरःनहलमा भनेको छ–
**अर्थः** र हामीले तपाई तर्फ जिक्र (कुर्आन) अवतरित गरीदिएँ जसले गर्दा तपाई ती सबै कुरा बयान गरिदिनुस्, जुन उनैको लागि अवतरित गरिएको छ। (सूरःनहल४४) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** याद राख्नुस् ! मलाई कुर्आन प्राप्त भएको छ र उसैको साथ ऊ जस्तै पनि । (सहीह रवाहो अबुदाऊद...आदि)

**प्र.नं.४—:** के हामी कसैको कुरालाई अल्लाह र रसूलको कुरा माथि मुकद्दम (प्राथमिकता) गर्न सक्छौ ?

**उ.नं.४—:** होइन ! हामी कसैको कुरालाई अल्लाह र रसूलको कुरा माथि प्राथमिकता दिन सक्दैनौ । अल्लाहले सूरःहुजरातमा भनेको छ–

**अर्थः** हे ईमानवालाहरु ! अल्लाह व रसूलको सामुन्ने कुनै कुरालाई प्राथमिक्ता न देऊ । (सूरःहुजरात १) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** अल्लाह तआला प्रति उदण्डता (नाफर्मानी)मा कुनै सृष्टिको अज्ञा पालन गर्नु जायज छैन । (सहीह रवाहो तबरानी)

र इब्ने अब्बास (रजीअल्लाहो अन्हो)ले भन्नु भएको छ कि मलाई डर लाग्छ कि कतै तिमीहरु माथि आकाशबाट ढुंगा न झर्न लागोस् किन भने म तिमी संग भन्छु कि अल्लाहको रसूलले भन्नु भएको छ र तिमीहरु भन्छौ कि अबूबकर र उमरले भन्नु भएको छ ।

**प्र.नं.५—:** हामीमा फूट एवं मतभेद भएमा हामीले के गर्ने ?

**उ.नं.५—:** हामीमा फूट एवं मतभेद भएमा हामीले पवित्र कुर्आन र सहीह हदीसको प्रकाशमा छलफल गर्नु पर्छ । अल्लाहले भनेको छ–

**अर्थः** यदि तिमीहरु कुनै कुराको बारेमा झै झगडा गरिहाल्यो भने त त्यसलाई अल्लाह व रसूलको तर्फ फर्काई देऊ । अर्थात अल्लाह र रसूलको आदेशानुसार फैसला गर । यदि तिमीहरुलाई प्रलयको दिन माथि विश्वास छ भने यही तरीका राम्रो छ र यसको फल पनि राम्रो छ । (सूरःनिसा ५९) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** मेरो र खुलफाए राशेदीनको तरीका (सुन्नत) लाई अनिवार्य ठानेर मजबूतीका साथ समाती लेऊ ।

**प्र.नं.६—:** तिमी अल्लाह र रसूल संग कसरी मुहब्बत गर्ने छौ ?

**उ.नं.६—:** हामी अल्लाह व रसूलको अनुकरण द्वारा र ती दुबैका आदेशानुसार कर्म गरी दुबै संग प्रेम गर्ने छौ । अल्लाहले भनेको छ–

**अर्थः** हे नबी भनि देऊ ! यदि तिमीहरु अल्लाह संग प्रेम गर्छौ भने मेरो अनुकरण गर, अल्लाहले पनि तिमी संग प्रेम गर्ने छ, र तिम्रो

पापहरुलाई क्षमा गरिदिन्छ । नि:सन्देह अल्लाह क्षमा गर्न सक्ने कृपालु एवं दयालु छ । (सूर:आलेइमरान ३१) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** तिमीहरु मध्ये कसैको ईमान त्यस बखत सम्म पूर्ण हुन सक्दैन् , जब सम्म म उसको निकट उसको आमा बुवा र जहान परिवार तथा अनेक ब्यक्तिहरु भन्दा धेरै प्रिय न भए सम्म । (बुखारी,मुस्लिम)

**प्र.नं.७—:** के हामीले कर्मलाई छाडेर भाग्य माथि विश्वास गरौ ?

**उ.नं.७—:** हामीले कर्मलाई छाडनु हुँदैन् । अल्लाहले भनेको छ–

**अर्थः** जसले सम्पत्तिको दान दियो र संयमलाई समात्यो र सुकर्मको पुष्टि गऱ्यो , त निकटमा हामीले उसको लागि सत्मार्ग सरल गरिदिने छौं । ( सूर:लैल ७) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** सुकर्म गर, सबैको लागि त्यही कुराहरु सरल गरिएको छ जसको लागि ऊ पैदा गरिएको छ । (बुखारी,मुस्लिम)

# सुन्नत र बिदअत

**क– रसूलले गरेको कार्य र कुरालाई सुन्नत भन्दछन् ।**
**ख– इस्लाममा नयाँ कुराहरुलाई धर्म समझी गर्नु लाई बिदअत भन्दछन् ।**

**प्र.नं.१—:** के इस्लाममा राम्रो बिदअत पनि छ ?

**उ.नं.१—:** इस्लाममा कुनै किसिमको बिदअत छैन् । अल्लाहले भनेको छ–

**अर्थः** आज मैले तिमी माथि तिम्रो धर्म पूरा गरिदिएँ र तिमी माथि आफ्नो नेअमतको भण्डारलाई पूरा अवतरित गरिदिएँ र तिम्रो लागि इस्लाम धर्मलाई रुचाएँ । (सूर:अलमाएद:३) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** प्रत्येक बिदअत भ्रम हो, र हरेक भ्रमले नर्कमा लैजाने छ । (सहीह रवाहो अहमद...आदि)

**प्र.नं.२—:** इस्लाममा बिदअत के हो ?

**उ.नं.२—:** इस्लाममा आफ्नो तर्फबाट घटाऊ र बढाऊ गर्नु बिदअत हो । अल्लाहले सूर:शोअरामा काफिरहरुको बिदअतको इन्कार गर्दै भनेको छ–

**अर्थः** के उनीहरुका लागि यस्ता साझेदारहरु छन् , जसले इस्लाममा यस्ता कानून बनाएका छन् , जसको अल्लाहले हुकुम दिएको छैन् । ( सूर:शोअरा २१) र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जसले हाम्रो धर्ममा कुनै नयाँ कुरा पैदा गर्‍यो , जुन कि उसमा छैन्, त त्यो नयाँ कुरो स्वीकार हुने छैन् । (बुखारी,मुस्लिम)

**प्र.नं.३ —:** के इस्लाममा राम्रो सुन्नत (सुन्न्ते हसनः) पनि छ ?

**उ.नं.३—:** अँ **!** इस्लाममा राम्रो सुन्नत (सुन्न्ते हसनः) पनि छ । र—

नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ–

**अर्थः** जसले इस्लाममा कुनै राम्रो तरीका चलायो त उसको लागि पुण्य छ, र त्यस ब्यक्तिको पुण्य समेत पाउँछ , जसले उसको तरीका

बमोजिम कर्म गर्छ र उक्त कर्म गर्ने ब्यक्तिको पुण्यमा कुनै कमी गरिदैन । (बुखारी)

**प्र.नं.४—:** मुसलमानहरुको मद्दत कहिले हुने छ ?

**उ.नं.४—:** जब मुसलमानहरु आफ्नो अल्लाहको किताब र आफ्नो नबीको सुन्नतको ततबीक (एक कुरालाई आर्का बमोजिम गर्नु) तिर फर्कछन् , र तौहीदलाई फैलाउने छन् , र जाहेरी मतभेद भए त पनि शिर्कबाट बच्ने छन् , र आफ्नो शत्रुका लागि सके सम्म शक्ति जुटाउँने छन् , भने त उनीहरुको सहायता गरिने छ । अल्लाहले भनेको छ–

**अर्थ:** हे ईमानवालाहरु ! यदि तिमी अल्लाहलाई (इस्लामलाई) मद्दत गर्ने छौ भने ऊ पनि तिम्रो मद्दत गर्ने छ र तिमीहरुमा दृढता र निर्भिकताको शक्ति प्रदान गर्ने छ । (सूर:मोहम्मद ७) यस्तै सूर:नूरमा अल्लाहले भनेको छ–

**अर्थ:** तिमीहरु मध्ये जुन ब्यक्तिहरु ईमान ल्याए र सुकर्म गरे उनीहरु संग अल्लाहको वचन (वअद:) छ कि उनीहरुलाई यस पृथ्वीका अवश्य नै प्रतिनिधि (खलीफा) बनाउने छ । जुन प्रकार उनी भन्दा पहिलेका ब्यक्तिहरुलाई प्रतिनिधि बनायो र उनीहरुका लागि धर्मलाई सरल गरिदिने छ, जसलाई उसले उनीहरुका लागि रोजेको छ, र उनीहरुको भयलाई शान्ति संग साटि दिनेछ । उनीहरु मेरो इबादत गर्नेछन् र मेरो साथमा कसैलाई साझी गर्ने छैनन् ।

॥ समाप्त ॥